सि.जि.प्र.द.न. १७ जि.हु.द.न. २८

सन्देश जनप्रिय
Sandesh Janapriya Weekly साप्ताहिक

प्रो. राजन भुजेल ✆ ०४७-५२०८३६, ९८४४०१५८६७
Email:-rajanbhujel111@gmail.com
आर.एन. ट्रेडर्स एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली


यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ्ग सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

❖ वर्ष:- २१ ❖ अङ्क:- १० ❖ २०८० आश्विन १० गते बुधबार(27 Sep. 2023 Wednesday) ❖ पृष्ठ:- ८ ❖ मूल्य:- १०/-

# मरिणको अँध्यारो बस्तीमा बल्यो बिजुली !

**मरिण**/ कहिले विजुली आउँला र टुकी बत्तिबाट मुक्ति पाइएला भनेर बस्दै आएका २ सय ९१ घरधुरीका स्थानीयहरुले सो समस्याबाट छुटकारा पाएका छन् । हिजो मंगलवारबाट गाउँमा झिलिमिली बत्ति बलेसँगै उनीहरुले वर्षौंदेखी बत्तीको भिलिमिलीमामा बस्ने सपना पुरा भएको हो । मरिण गाउँपालिका अध्यक्ष प्रख्यात मोक्तानले एक कार्यक्रमका बीच स्वीच अन गरेर वडा नम्बर २ का २ सय ९१ घरमा बत्ति वालेका थिए ।



२ नम्बर वडाको सिन्दुरे दोभान, रातमाटा, पांग्रेडाँडा, सिजाली डाँडा, राजबृक्ष, जल्केनी लगायतका गाउँमा बिजुली बलेको हो ।

साँझमा धिपधिप टुकी र केही सम्पन्न भनिएकाहरुले सोलार बत्ती बाल्दै आएकामा उनीहरुको झन्झट हटेको हो । झण्डै हप्ताको २ पटकसम्म मट्टितेलको मूल्य बृद्धिगर्दै आएको सरकारले आम नागरिकलाई सास्ती दिइरहेका बेला स्थानीयको घरमा बिजुली बल्न थालेपछि उनीहरुले राहत महशुस गरेका हुन् । अबिरल वर्षा र मौसमको बदलीले सोलार चार्जिङमा समस्या उत्पन्न हुने र सञ्चार सम्पर्कमासमेत समस्या झेल्दै आएका वडावासीले सो समस्याबाट छुटकारा पाएका हुन् । उज्यालोको अभावमा बालबालिकाको पठन पाठनमा समेत गंभीर समस्या उत्पन्न भएपछि स्थानीयले पटक पटक नेता र मन्त्रीहरुलाई आफ्नो समस्या सुल्झाउन आग्रह गर्दै आएका थिए । मरिण गाउँपालिकाको ७० प्रतिशत भू-भागमा राष्ट्रिय प्रसारणबाट बिधुतीकरण भएपनि अझै ३० प्रतिशत भुभागमा बिजुली बत्ती बाल्न बाँकि रहेको पालिका अध्यक्ष मोक्तानले बताए । उनले २० प्रतिशत भू-भाग नै २ नम्बर वडामै बाल्न बाँकि भएकोमा १० प्रतिशत मात्रै बिजुली बालिएको बताउँदै दशै भन्दा अगाबै २ नम्बरमा अन्य ठाउँमा पनि बिद्युतीकरणको लागि तयारी भइरहेको जानकारी दिए ।

बिजुली नहुँदा २ नम्बर वडाका बिभिन्न स्थानका नागरिकहरु हरेक क्षेत्रमा पछि परेको अनुभूति गर्दै आएका थिए । विधुत प्रसारणबाट स्थानीयको आर्थिक, सामाजिक, शैक्षिक अवस्था बदल्ने र कृषि क्षेत्रमा पनि सकारात्मक असर पर्ने पालिका अध्यक्ष मोक्तानको भनाई थियो ।

बिजुली पुगेपछि स्थानीयवासीमा खुसियाली छाएको छ । वर्षौंदेखि टुकी र सोलार बालेर दैनिकी चलाउँदै आएका यहाँका जनताका प्रत्येक घरमा अहिले बिजुली बलेपछि हर्षित भएका छन् ।

"गाउँमा बत्ती नभएर मोबाइल चार्ज गर्न पनि समस्या ●बाँकी २ पेजमा

# बागमती एमालेमा निर्वाचन प्रक्रियाबाट पदाधिकारी छानिंदै

**काठमाडौं**/ नेकपा एमालेको बागमती प्रदेश अधिवेशन लम्बिएको छ । बाग्मती प्रदेशको भावी नेतृत्वमा सहमति हुन नसक्दा प्रदेश अधिवेसन लम्बिएको हो ।



जसका कारण हिजो सम्पन्न हुनु पर्ने अधिवेशन दुइ दिन बढी लम्बिन पुगेको हो । जस अनुसार आजका लागि निर्वाचन कार्यतालिका सार्बजनिक भएको छ । गत ८ गते सुरु भएको अधिवेशन ९ गते सम्पन्न गर्ने भनिए पनि अब अधिवेशन ११ असोजसम्म चल्नेछ । निर्वाचन समितिले असोज १० र ११ गतेको निर्वाचन कार्यतालिकाको बारेमा जानकारी दिए पछि दुई दिन बढी लम्बिएको हो ।

जसअनुसार निर्वाचन कार्यक्रम बुधवार बिहान ८ बजेदेखि सुरु हुनेछ । तालिका अनुसार बुधबार बिहान ९ बजे अन्तिम मतदाना नामवली प्रकाशन हुनेछ भने ९ देखि ११ बजे उम्मेदवारी मनोनयन गरिनेछ । दिउँसो ४ बजे उम्मेदवारी फिर्ता लिने समय छुटाएको निर्वाचन समितिले साँझ ५ बजे मात्रै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने जनाइएको छ ।

बिद्युतीय मतदानवाट नेतृत्व चयन गर्न लागेको बाग्मती एमालेले असोज ११ गते बिहीबार बिहान ११ बजेबाट मात्रै मतदान सुरु गराउने छ भने सोह दिन निर्वाचित प्रतिनिधिको नतिजा प्रकाशन गर्ने जनाईएको छ । जारी अधिवेशनमा ११सय ७४ जना मतदाता रहेका छन् ।

बन्द सत्र नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना गरेको बाग्मती एमालले निर्वाचनको सम्पुर्ण प्रक्रिया भने च्यासल, ललितपुरस्थित केन्द्रिय कार्यालयमा गर्नेछ । नेकपा एमालेको बागमती प्रदेश अधिवेशनको बन्द सत्र सञ्चालन ● बाँकी २ पेजमा

# कार्यालयमैं योगा गर्न गृहमन्त्रीको निर्देशन !

**काठमाण्डौ**/ गृहमन्त्री नारायण काजी श्रेष्ठ प्रकाशको निर्देशनमा मन्त्रालयले आफ्ना कर्मचारीलाई बिहान कार्यालय सयम सुरु भएपछि १५ मिनेट योग अभ्यास गराउने भएको छ। सन्देश जनप्रिय साप्ताहिक लाई गृहमन्त्रालयको सचिवालयले दिएको जानकारी अनुसार भोली बुधवार मातहतका महाशाखाहरुलाई अनिवार्य योग अभ्यास गर्न गराउन भन्दै परिपत्र गर्ने भएको हो । मन्त्रालय स्तरबाट कर्मचारीलाई योगा गर्न अनिवार्य गरिएको संभवत यो पहिलो घटना हो ।

मन्त्रालयले महाशाखाहरू अन्तर गतका अधिकृत स्तरका सबै



कर्मचारीले हरेक दिन बिहान १०:१५ भित्र अनिवार्य १५ मिनेट योग अभ्यास गरिसक्न निर्देशन दिन लागिएको हो । यस्तो योग अभ्यास र ध्यान गरेर मात्र आफ्नो कार्य जिम्मेवारीअनुसार काम सुरु गर्न मन्त्री श्रेष्ठले सचिव मार्फत निर्देशन दिएएको बताइन्छ ● बाँकी २ पेजमा

## झटारो — राजेश मानन्धर




# एमालेको बागमती प्रदेश अधिवेशन र प्रतिनिधीहरूको दायित्व

## गुलेली
□ प्रेम दाहाल

नेकपा एमालेको पहिलो बागमती प्रदेश अधिवेशन राजधानी काठमाडौमा हिजोबाट सुरु भएको छ । राजधानीको केन्द्रका रुपमा रहेको बागमती प्रदेशको प्रथम अधिवेशन भएका नाताले पनि एमाले भित्र यो अधिवेशनलाई निकै अर्थपूर्ण रुपमा लिइएको देखिन्छ ।

नेताको बरिपरि बसेर आ-आफ्नो नेताको बखान गर्न सक्रिय रहेका प्रतिनिधीहरु मात्रै होइन आफ्नै पार्टीका नेताहरुलाई समेत लक्षित गर्दै अध्यक्ष केपी शर्मा ओलीले भन्नुभएकोछ: '७५ वर्षको इतिहास भएको पार्टीमा नेतृत्वका लागि सयौं योग्य नेता छन्, यहाँ नेतृत्वको लागि सबैले योग्यता हासिल गरेका छन् । तर, नेतृत्व लिने नाउँमा प्यानल बनाइएको थाह भयो भने सिंगै प्यानलको उम्मेदवारी पनि खारेज हुनसक्छ । अध्यक्ष मण्डलले त्यो अथोरिटि राखेर काम गरोस्, प्यानलमा होइन, ब्यक्तिमा चुनाव होस,'। अध्यक्ष लगायतका पार्टी पदाधिकारीका लागि पार्टी बिभाजनका बेला दह्रोसँग उभिएका आफ्ना नेताहरुले दाबी गर्न नछोडे पछि अध्यक्ष ओलीले भन्नुभएको थियो: सहमति नभए निर्वाचनबाट नेतृत्व चयन हुने एमालेको परम्परा रहेको भन्दै समुहबन्दी भने गर्न नपाउने, चुनाव लडछु भन्नेले चुनाव लडन पाउने र उम्मेदवार बन्नुअघि कार्यकर्ता सामु आफ्नो ब्यवहार कस्तो छ भनेर हेर्न पनि अध्यक्षका अकांक्षीहरुलाई सुझाउनु भयो । बागमती ●बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ ९८४४०४१३५२ ९८०२६०७७५१
कमलामाई न.पा.-६, सिन्धुली

यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**एमालेको ........**

प्रदेशको अध्यक्षका लागि अहिलेसम्म चार जना दावेदार देखिनु भएको छ । मकवानपुरका कृष्ण दाहाल, रामेछापका कैलाश ढुंगेल, काठमाडौंका सानुकुमार श्रेष्ठ र बर्तमान प्रदेश अध्यक्ष केशव पाण्डे ले अध्यक्षमा दावी गरिरहँदा अध्यक्ष ओलीले दिनुभएको अभिव्यक्ति उहाँहरु तर्फ केन्द्रीत भएको सहजै बुझ्न सकिन्छ ।

सर्वसम्मत र केही सकसपूर्ण तरिका बाट छानिएर आएका प्रतिनिधी नेताहरुले उद्घाटन स्थलमा व्यक्त गरेका चिया गफ सुन्दा लाग्छ, एकले अर्कालाई सहजै अस्वीकार गर्ने अबस्था सिर्जना भएको छैन । एकै जिल्लाबाट पदाधिकारीमा २ जनाले दाबी गर्न थालेपछि पार्टीमा बिग्रह आउने अबस्थाको आँकलनगर्दै अध्यक्ष ओलीले सर्वसम्मत नेतृत्व छनोट गर्न वा प्यानल बिना निर्वाचनमा गएर लोकतान्त्रिक विधी अपनाउन सुझाव दिनुभएको तथ्यलाई कसैले भुल्न हुँदैन ।

अधिवेशनका लागि प्रतिनिधी चयनमा देखिएको असन्तुष्टि वा जिल्ला जिल्लामा देखिएको स्वार्थ समूहको क्रियाशिलता प्रति अध्यक्ष ओली चिन्तित हुनुहुन्छ र त्यसलाई अधिवेशन मार्फत निमिट्यान्न पार्नका लागि तयारीमा हुनुहुन्छ ।

एमाले अध्यक्ष ओली जति क्रियाशिल हुनुहुन्छ, त्यति नयाँ पुस्तामा क्रियाशिलता वा क्रिएसन हराइसकेको छ । अहिलेका एमाले कार्यकर्ता इतिहासको भारी बोकेर बोकेर होइन वर्तमानसँग रम्न चाहान्छ र उसले आफ्नो संरक्षकत्व पनि खो ज्दछ । स्वार्थ समूह बनाउने वा स्वार्थका कामहरु गराउन कार्यकर्ता माथि दबाब दिने नेताले पार्टी र कार्यकर्ताको संरक्षण वा हितका लागि गरेको योगदान वा चालचलन बारे अहिलेका एमाले कार्यकर्ताहरु जानकारी राख्दछन् । इतिहासको कथा रटाएर कोही पनि एमाले कार्यकर्ता बर्तमानमा गरेका कमी कमजोरी वा गलत चालन चलनलाई क्षमा दिन चाहँदैनन् भन्ने तथ्य बागमतीका प्रदेशका एमाले नेताहरुले राम्ररी बुझ्न जरुरी छ ।

एमालेले तीन महिना अगाडि सञ्चालन गरेको 'मिसन ग्रासरूट अभियान'ले जिल्ला जिल्लामा एमाले कुन अवस्थामा छ र नेताहरु पार्टी निर्माण गर्न को कति जिम्मेवार छन् ? भन्ने तथ्य केलाइसकेको अबस्थामा भइरहेको एमालेको मागमती प्रदेश अधिवेशनले पारित गरेको कार्यदेशलाई स्थानीय तहसम्म लैजाने योग्य र सक्षम कमाण्डार चयन गर्नुपर्ने छ, ताकि त्यो कमाण्डर आगामी प्रदेशको मुख्यमन्त्रीको लागि पनि योग्य होस् । त्यसैले पनि राजधानीमा आफ्नो प्रदेशको कमाण्डर र सहकमाण्डरहरु छान्न भेला हुनुभएका प्रतिनिधीहरुले बिवेकलाई बन्धक राखेर होइन बिधी र पद्धतिलाई स्थापित गर्न सक्ने र पार्टी केन्द्रको राजनैतिक बैचारिक तथा सांगठानिक स्पिरिटलाई कार्यान्वयनमा लैजान सक्ने कमाण्डर चुन्न जरुरी छ । जसले गर्दा एमाले भित्र जिल्ला तहमा देखापरेका स्वार्थ समूहको अन्त्य हुनेछ ।

अहिले प्रदेश अध्यक्षका लागि देखिएका अनुहारहरु कृष्ण दाहाल, कैलाश ढुंगेल, सानुकुमार श्रेष्ठ र केशव पाण्डे अब्बल मानिनुहुन्छ तर यी मध्ये पनि अझ बढी अब्बल को हुनुहुन्छ ? उहाँलाईनैं छान्ने र जनस्तरमा बलियो एमाले बनाउने महान जिम्मेवारी लाखौं एमालेका संगठित सदस्यहरुको प्रतिनिधित्व गरेर आउनु भएका प्रतिनिधिहरुको काँधमा आएको छ । त्यसैले यो वा त्यो बहानामा आफ्नो महान जिम्मेवारी बिर्सने र तथ्यका आधार मा सत्य स्थापित गर्ने कुरालाई भुल्नु हुँदैन । त्यसैले हामी सबैले एकैसाथ भन्नै पर्ने भएको छः व्यक्तिगत कुण्ठा, अहंकार र पुराना इविलाई छोडेर सही र सक्षम नेतृत्व चयन गरौं । यदी यो जिम्मेवारीबाट महाधिवेशन प्रतिनिधीहरु पछि हट्ने हो भने न पार्टी रहन्छ नत नेतृत्व नैं । त्यसैले यो मार्गबाट एमाले जन किञ्चित पछि हट्नु हुँदैन ।

**मरिणको ........**

हुने गर्दथ्यो, अब भने उक्त समस्या हटेको छ, अहिले घरघरमा बिजुली बल्दा दैनिक कामकाज गर्न निकै सहज र गाउँ नै उज्यालो भएको छ", स्थानीयले बताएका छन् ।

बिजुली पुग्दा यहाँका जनाताले नयाँ युगमा प्रवेश गरेको महसुस गरेका छन् । स्थानीयहरु बिजुली पुगेपछि नाचगाँन गरेर खुसियाली मनाएका छन् । केन्द्रीय विद्युतीकरण को विस्तार र सञ्चालनसँगै विद्यार्थीहरुलाई पढ्न लेख्न साथै विद्युतीय क्रियाकलापका लागि सहज भएको छ ।

अध्यक्षमा अहिलेसम्म मकवानपुरका लोकप्रिय नेता कृष्णप्रसाद दाहाल, कैलाश ढुंगेल, केशव पाण्डे, केशब हादुर बुढाथोकी, र काठमाडौका सानुकुमार श्रेष्ठले उम्मेदवारी दर्ता गराउने बुझिएको छ । अध्यक्षका दाबेदारहरु मध्ये दाहाल बलियो उमेदवार मानिन्छ । यस्तै उपाध्यक्ष मा इश्वर चन्द्र पोखरेल, सुभासचन्द्र ठकुरी, नारायणप्रसाद खतिवडा, दावादोर्जे लामा, राजेन्द्र राजथलाले उम्मेदवारी दर्ता गराउने थाहा लागेको छ ।

**एमालेको ........**

गर्नका लागि प्रदेश इन्चार्ज गुरु बर ालको अध्यक्षतामा ११ सदस्यीय अध्यक्ष मण्डल गठन गरेको थियो । अध्यक्ष मण्डलमा स्थायी कमिटी सदस्य शेरबहादुर तामाङसहित देवी ज्ञवाली, आनन्द पोखरेल, गोकुल बास्कोटा, कमल चौलागाई,रामेश्वर फुयाँल, कृष्ण राई, सुशीला नेपाल, पार्वत गुरुङ ,अरुण नेपाल र रत्ना गुरुङ सदस्य रहेका छन् ।

बन्दसत्रमा राजनीतिक, सांगठानिक, आर्थिक र आगामी कार्य योजना सम्बन्धी प्रतिवेदनहरू प्रस्तुत हुने तामाङले बताए ।

**कार्यालयमै ........**

कार्यालय समयभित्रनैं कर्मचारीले १५ मिनेट योगअभ्यास गर्नुपर्ने भएको छ। मन्त्रालयले मन्त्रायल, विभाग र उपत्यकाभिका कार्यालयहरुका लागि एक दिवशीय ध्यान विज्ञान कार्यक्रम सञ्चालन भइसकेको र अन्य कर्मचारीका लागि पनि यस्तो कार्यक्रम सञ्चालन हुन लागेको थाहा लागेको छ । स्मरणीय छ गृहमन्त्री श्रेष्ठ विहान आफैं योगा गर्दै आएका छन् ।




# डेंगी ज्वरो
(Dengue Fever)

**परिचय**


डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

**लामखुट्टेले टोक्ने समय**

एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

**लामखुट्टे वृद्धि विकास हुने स्थान**

एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फूल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्याँकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।



**लक्षणहरु**

डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :

- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा विबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो ।

**डेंगी ज्वरोको उपचार**

- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफैं निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्पिरन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, बृद्धबृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विशेष ध्यान दिनु पर्छ ।

**बच्ने उपाय**

डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।

**लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:**

- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने,

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।**

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

**कमलामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिन्धुली**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
प्रादेशिक सडक डिभिजन, खुर्कोट

**सार्वजनिक जनहितमा जारी सूचना !**

- चालु आर्थिक वर्षमा बनेका सडकको निगरानी बढाऔं ।
- विकास निर्माण कार्यमा तपाई/हामीले अनावश्यक अवरोध नगरौं ।
- सडक पेटी किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सडक पेटी किनारामा जथाभावी निर्माण सामग्री नराखौं ।
- सडक पेटीमा जथाभावी व्यापार/व्यवसाय नगरौं ।
- सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं ।
- सवै सवारी साधन चालक महानुभावहरुले लेन अनुशासन कायम गरौं ।
- सवारी चालक महानुभावहरुले सडक पेटीमा बटुवाको ध्यानलाई मध्यनजर गरी सडक लेन अनुसार सवारी साधन चलाऔं ।


**सडकको संरक्षण गरौं । सफा राखौं । जथाभावी फोहोर नफालौं । यो कार्य गर्नु समस्त नागरिकको कर्तव्य पनि हो ।**

**सहरी विकास तथा भवन कार्यालय, सिन्धुली**

**सिन्धुलीका कुखुरापालक कृषकहरुमा खुशीको खबर !**



हामीकहाँ ब्रोइलर,लेयर्स, हाँस, गाई, भैसी, बंगुर, माछा तथा बाखाको दाना पाउनुका साथै लोकल कुखुरा, लेयर्स, गिरिराज, कडकनाथ, बट्टाई,, टर्की र लौकाटको चल्लाहरु पाइन्छ । साथै कृषि सम्वन्धी विउ विजन तथा परामर्श सेवा पनि उपलव्ध गराइन्छ ।



**सिद्धबाबा दाना चल्ला सप्लायर्स, सिन्धुली**

कृषि उपज वजार, सिन्धुली फोन: ०४७:५२०६६१२ मरिण छाप: मोवाइल:९८४४०४५४००, ९८४४०४१०१०

# आम माफी र बद्नाम सरकारी तम्का

सरकारले विभिन्न नाममा बितरण गरेको तक्मामा जति बिवादास्पद काम गरेको छ त्यो भन्दा कम छैन राष्ट्रपति रामचन्द्र पौडेलले संविधान दिवसको अवसरमा आममाफी दिएका मध्ये गुण्डा नाइकेको ससम्माल रिहाई ।

राष्ट्रपति पौडेलले आममाफी दिएका ६७० जना मध्ये नेपालगञ्जका गुण्डा नाइके योगराज ढकाल पनि परेका हुन् । २०७२ असारमा नेपालगञ्जमा खुँडा प्रहार गरी चेतन मानन्धरको हत्या भएको अभियोगमा ढकाल दोषी ठहर भएका थिए। तर ९ वर्षभित्रै ढकालले आममाफी पाए । आममाफी पाएर जेलमुक्त हुँदा ढकाललाई नेपाली कांग्रेसका कार्यकर्ता स्वागत गर्न देखि एस्कर्ट गर्न समेत उभिएका थिए । मानन्धरको हत्या हुँदा ढकाल तरुण दलका क्षेत्रीय सभापति थिए । तर राष्ट्रपति पौडेलले फौजदारी कसुर सजाय पाएका व्यक्तिलाई आममाफी दिन नमिल्ने ऐन बिपरीत

□ कृष्ण गौतम



**टीकापुर नरसंहारमा दोषी ठहर भएका चौधरीलाई आममाफी दिएपछि सरकार र राष्ट्रपति पौडेलको चर्को आलोचना भएको थियो । तर त्यसबेला सत्ता टिकाउनेगरी सरकारले गरेको निर्णयकै अर्को शृङ्खलामा प्रमुख सत्तारुढ दलका कार्यकर्ता पृष्ठभूमिका गुण्डा नाइकेले आममाफी माए । यसरी आममाफी पाएका व्यक्तिकै कारण राष्ट्रपतिको निर्णय एक वर्ष अगाडि पनि विवादित बनेको थियो ।**

ढकाललाई जेलमुक्त हुने निर्णय लिएका हुन् ।

राष्ट्रपति पौडेलले गणतन्त्र दिवसको अवसरमा रेशम चौधरीलाई आम माफी दिएका थिए । टीकापुर नरसंहारमा दोषी ठहर भएका चौधरीलाई आममाफी दिएपछि सरकार र राष्ट्रपति पौडेलको चर्को आलोचना भएको थियो। तर त्यसबेला सत्ता टिकाउनेगरी सरकारले गरेको निर्णयकै अर्को शृङ्खलामा प्रमुख सत्तारुढ दलका कार्यकर्ता पृष्ठभूमिका गुण्डा नाइकेले आम माफी माए । यसरी आममाफी पाएका व्यक्तिकै कारण राष्ट्रपतिको निर्णय एक वर्ष अगाडि पनि विवादित बनेको थियो। निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले आममाफी दिएका व्यक्तिले जेलमुक्त भएको एक महिनाभित्रै आफ्नै साथीको हत्या गरेका थिए । नवलपुर गैंडाकोटमा ११ कात्तिक २०६९ मा हजुरआमा र काकीको हत्या घटनामा सुरेश कुमार दोषी ठहर भएका थिए। तर राष्ट्रपतिबाट आचरणमा सुधार आएको भन्दै २०७९ को संविधान दिवसमा आममाफी पाए । जेलमुक्त भएको एक महिनाभित्रै ती व्यक्तिले जीवनबहादुर नेपालीको हत्या गरे ।

यी घटनाहरुले आममाफीमा त्रुटी हुने गरेको आशंकामा बल पुगेको छ । किनकि आममाफी भनेको आँचरणमा सुधार आएको अथवा माफीयोग्य भन्ने हो । तर पार्टीका कार्यकर्ता, कुनै राजनीतिमा संलग्नता अथवा अरु कुनै प्रलोभनमा परेर आममाफी दिएको यी घटनाहरुबाट बुझ्न सकिन्छ । यस्ता निर्णयले विधिको शासनलाई कमजोर बनाउनेछ । पहुँजका आधारमा आममाफी दिने प्रवृत्ति मुलुकमा रहेको सन्देश जानुले कानूनी शासन र वर्तमान व्यवस्थालाई बलियो बनाउँदैन । राष्ट्रपतिको विवेकमाथि त अझ धैरै प्रश्न उठ्छ । यसतर्फ आवश्यक दिएर जानुको अर्को विकल्प छैन । बद्नामी बोकेर न बलियो शासन सञ्चालन हुनेछ, न राष्ट्रको इज्जत बढ्नेछ ।

# घेदुङको अध्यक्षमा बृतह सर्वसम्मत




**सिन्धुली**/ नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति सिन्धुलीको अध्यक्षमा सुरत स्याङ्तान(बृहत) सर्वसम्मत चयन हुनुभएको छ । केही दिनअघि सिन्धुलीमा भएको नेपाल तामाङ घेदुङ सिन्धुलीको ९ औं जिल्ला अधिवेशनले बृहतको अध्यक्षतामा १५ सदस्यिय नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको हो। यस्तै उपाध्यक्षमा सरस्वती लामा र फुर्वा लामा, सचिवमा रामबहादुर थिङ, सह सचिवमा बिज्ञान दोर्जे बल, कोषाध्यक्षमा बाबुलाल ब्लोन चयन भएका छन् ।

सदस्यहरुमा देबबहादुर गोले, शुभद्रा घलान, बिभलमान मोक्तान, सुनमायाँ तामाङ, बिमला तामाङ, रुपेश मोक्तान, मेघबहादुर तामाङ, धन बहादुर स्याङ्तान र बिष्णु स्याङतानसहित १५ सदस्यीय कार्यसमिति चयन भएको आयोजकले जानकारी दिए ।

# सामाजिक सञ्जाल

अहिले देशका विभिन्न जिल्लाका सार्वजनिक विद्यालयका धेरै शिक्षक शिक्षिकाहरु आन्दोलनरत छन् । आन्दोलनको क्रममा सडकमा उत्रेका शिक्षक, शिक्षिकाहरुका विरोध कार्यक्रमहरुले गर्दा सडकमा सवारी साधनको आवागमन समेत प्रभावित भएको छ । शिक्षकहरुले राखेका मागका विषयमा सरकारका प्रतिनिधिहरु र शिक्षकका प्रतिनिधिहरुका बिचमा वार्ता भएका समाचारहरु पनि आए । देशभरीका सामुदायिक विद्यालयहरुको पठनपाठन बन्द भएको छ। सामुदायिक विद्यालयहरुमा अध्ययनरत लाखौं बालवालिकाहरुले अहिले नियमित तवरले विद्यालयमा गएर पढ्न पाएका छैनन् । बालवालिकाहरुको पठनपाठनमा उत्पन्न अवरोधबाट भएको र हुन सक्ने क्षतिको विषयमा भने सरकार र आन्दोलननरत शिक्षक शिक्षिकाहरुको समुचित ध्यान गएको अनुभूति भएको छैन ।

➢ **दीपक बराल, आन्दोलनरत शिक्षक**

लोकतन्त्रको दुहाई दिएर नथाक्ने नेपालका राजनीतिज्ञहरुमा लोकतान्त्रिक संस्कार र सोंचको भने सर्वथा अभाव रहेको देखिन्छ । जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने कानूनको मसौदा निर्माण गर्दा सो कानूनले प्रभावपार्ने पक्षको राय सुझाव लिनुपर्छ र त्यस्तो सुझावलाई कानूनमा उचित स्थान दिनुपर्छ भन्ने चेत राजनीतिक नेताहरुमा अहिलेसम्म पनि पलाएको देखिंदैन । राजनीतिक नेताहरुमा आफू पदमा पुगेको बेलामा आफूलाई जे मन लाग्छ त्यही निर्णय गर्ने अधिकार हुन्छ भन्ने खालको निरंकुश सोंच रहेको र फस्टाएको देखिन्छ। राजनीतिक नेताहरुको सोंच र व्यवहार तथा वास्तविकताको बिचमा रहेको खाडलले गर्दा नै अहिले मुलुकमा यावत् समस्याहरु देखापरेका हुन् भन्नका लागि कुनै संकोच मान्नुपर्दैन । देशको शिक्षा प्रणालीमा जेजति र जस्ता समस्याहरु रहेका र देखापरेका छन्, त्यसको निम्ति पनि राजनीतिक नेतृत्वको उदासीनता, संकीर्ण मानसिकता र असक्षमता नै मूलरुपले जिम्मेवार रहेको देखिन्छ । शिक्षा ऐनको मस्यौदा तयार गर्नुभन्दा पहिले शिक्षकहरुका संघ, संस्थाहरु, स्थानीय सरकारहरु, अभिभावकहरु, शिक्षाविद्हरु र सर्वसाधारण मानिसहरु समेत सबै बर्ग र क्षेत्रका मानिसहरुको खुला राय सल्लाह लिएर टुंगोमा पुगेको भए अहिले देखापरेका जस्ता समस्याहरु देखा पर्ने थिएनन् कि भन्ने अनुमान गर्न सकिन्छ । राय सल्लाह लिंदा पनि आफूले जे भन्यो त्यही 'ठिक हो हजुर' भन्ने आफ्नो पोल्टाका शिक्षक शिक्षिका र स्थानीय सरकार आदिका प्रतिनिधि र शिक्षाविद्हरुलाई मात्र बोलाएर राय सुझाव लिने औपचारिकता पूरा गर्ने प्रवृत्ति हाम्रो मुलुकमा हावी रहेको पाइन्छ ।

➢ **गुणबिक्रम कुँबर, आन्दोलनरत शिक्षक**

स्वतन्त्र विशेषज्ञहरुको राय नलिने र आफ्ना कारिन्दा र कार्यकर्ताको मात्रै राय लिने प्रवृत्तिले गर्दा कानून निर्माणमा राष्ट्रिय स्वार्थ ओझेलमा पारेर दलगत चाहना र स्वार्थलाई मात्र बढावा दिने प्रवृत्ति हुर्किंदै गएको छ । अहिले शिक्षकहरुमा देखापरेको अन्तुष्टिको प्रमुख कारण पनि यही हो । सरकारले पहिले कोठाभित्र मस्यौदा तयार गरेर सट्याकसुटुक ढंगले संसदमा पेश गर्ने र शिक्षकहरु सडकमा उत्रेपछि शिक्षकहरुलाई बोलाएर वार्ता गर्ने पद्धतिको अवलम्वन गरेको देखिन्छ । अर्कातिर शिक्षकहरु सहमत भएपछि स्थानीय सरकारहरु, अभिभावकहरु र शिक्षाविद् आदि असहमत नै रहे पनि केही फरक पर्दैन कि भनेजस्तो सोंच सरकारले राखेको छ कि भनेजस्तो आशंका पनि अहिले उत्पन्न हुन थालेको छ ।

➢ **कुमार श्रेष्ठ, आन्दोलनरत शिक्षक**

सामुदायिक विद्यालयहरुबाट प्रदान गरिँदै आएको शिक्षाको गुणस्तरमा सुधार गर्नुपर्छ भन्ने आम मानिसहरुको चाहना रहँदै आएको छ । राजनीतिक नेताहरु र दलहरुले पनि चुनावको पूर्वसन्ध्यामा सामुदायिक विद्यालयहरुबाट प्रदान गरिने शिक्षाको गुणस्तर सुधार र वृद्धिलाई चुनावी मुद्दा बनाउँदै आएको पाइन्छ । तर, चुनाव सकिएपछि सामुदायिक विद्यालयहरुबाट प्रदान गरिने शिक्षाको गुणस्तर सुधार राजनीतिक नेतृत्व र नेताहरुको प्राथमिकतामा परेको देखिंदैन । संस्थागत विद्यालय र कलेज खोलेर त्यसलाई आयआर्जनको माध्यम बनाउँदै आएका व्यक्तिहरुलाई सामुदायिक विद्यालयहरु र महाविद्यालयहरुको उत्थानको भारी बोकाउने र शिक्षा ऐन बनाउने जिम्मा दिने प्रवृत्तिको निरन्तरता पनि सामुदायिक विद्यालय र शिक्षण संस्थाको समग्र पक्षको दुरावस्थाको निम्ति प्रमुखरुपले सरकार जिम्मेवार छ । त्यसैले सरकारले हतारमा निहित स्वार्थ वा आग्रहबाट प्रेरित भएर कानून बनाउने र विरोधको रुपमा समस्या देखा परेपछि असन्तुष्ट पक्षलाई बोलाएर फकाउने प्रवृत्तिबाट आफूलाई मुक्त बनाएर खुला बहस र छलफलबाट मुलुकको बृहत्तर हितलाई केन्द्रमा राखेर कानूनको निर्माण गर्ने प्रकृयाको अबलम्बन गर्ने हो भने अहिले देखा परेका जस्ता समस्या देखा नपर्ने अवस्थाको सिर्जना हुन सक्छ । संसारका कतिपय मुलुकले कानूनको मस्यौदा तयार गरेपछि त्यसलाई सार्वजनिक बनाएर २/३ महिनासम्म त्यसमा खुला छलफल गराएर मस्यौदालाई अन्तिम रुप दिने प्रक्रियाको अवलम्वन गरेको पाइन्छ । हाम्रो मुलुकमा पनि मस्यौदा तयार भएपछि त्यसलाई सार्वजनिक बनाएर जनसाधारणको राय लिने प्रक्रियाको अवलम्बन गर्ने हो भने कानून निर्माणको क्रममा देखा पर्ने अधिकांश समस्याको समाधान हुन सक्ने देखिन्छ ।

➢ **कमल मैनाली आन्दोलनरत शिक्षक**

शिक्षकहरुले राखेका मागहरुमा पनि शिक्षाको गुणस्तर सुधारसित सम्बन्धित योजना र प्रस्तावहरुले समुचित स्थान पाएको देखिंदैन । शिक्षक आन्दोलनले शिक्षकको पेशागत सुरक्षालाई मात्र केन्द्रमा राखेको र शिक्षाको गुणस्तर सुधारको निम्ति गर्नुपर्ने सुधारका सवालहरुमा मौनता साँधेको देखिन्छ । हो, शिक्षकको पेशागत सुरक्षा पनि शिक्षा प्रणालीको महत्वपूर्ण पक्ष हो । तर, शिक्षाको गुणस्तर सुधार शिक्षा प्रणालीको सबैभन्दा महत्वपूर्ण पक्ष हो भन्ने कुरालाई सरकार, राजनीतिक दल र शिक्षक सबैले आत्मसात गर्नुपर्छ । त्यसैगरी स्थानीय सरकारलाई विद्यालय व्यवस्थापनवाट अलग राख्ने परिकल्पना लोकतान्त्रिक मान्यता अनुकूल हुँदैन भन्नेकुरा शिक्षा क्षेत्रसंग सम्बद्ध सबैले स्विकार गर्नुपर्छ ।

➢ **बिनोद दाहाल**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर
www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुघ, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस ।



कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार,सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

**भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात**

## सम्पादकीय

# बजारमा उपस्थिति जनाउ

महंगीले आकास छोएका बेला नेपाली समाजमा अब बिस्तारै दशैं, तिहार, नेपाल सम्वत्, छठ, उधौली, ल्होसार, क्रिसमस जस्ता चाँडहरु एकपछि अर्कोगरी आउँदैछ । ती चाँडहरुमा सम्बन्धित समुदाय मात्रै रमाउने छैनन् । यी सबै चाँडमा सार्वजनिक विदा समेत हुने भएकाले सबै नेपाली रमाउनेछन् । त्यसैपनि बदलिदो सामाजिक-आर्थिक प्रणालीका कारणले हरेकजसो चाँडहरुको आयतन फराकिलो हुँदै गएको छ । एक धर्मले अर्का धर्मको चाँडलाई शुभकामना दिने मात्रै प्रचलन तोडिएको छ । हरेकले हरेकलाई जुनसुकै चाँडलाई शुभकामना प्रकट गर्ने प्रवृत्ति बढ्दो छ । अर्थात् नेपालको संविधानले गरेको परिकल्पनाजस्तै बहुलतायुक्त समाज समष्टीमा राष्ट्र हो ।

तसर्थ नजिकिएका चाँडहरु अब बजारमा देखिनेछ । चाँड अनुसार, आवश्यकीय वस्तुको माग बजारमा बढ्नेछ । सबै चाँडमा उपभोग्य वस्तुको माग बढ्नु साझा प्रवृत्ति हुनेछ । किनकि लगभग सबै चाँडमा खाद्य वस्तु अनिवार्य र आवश्यकीय हुन्छन् । थोरै वस्तु मात्रै चाँड विशेषमा उपयोग हुनेगर्छ । जस्तो- तिहारमा जुन मात्रामा फूलको आवश्यकता पर्छ, अरु चाँडमा नपर्न सक्छ । तर सबै चाँडमा उपभोग्य वस्तुको माग बढ्नु प्राकृतिक कुरा हो । यस्तो बेला बजार मा राज्यको उपस्थिति आवश्यक पर्छ । किनकि बजारलाई नियमन नगर्ने हो भने उपभोक्ता ठगिनुको विकल्प हुन्न । अझ अहिले जस्तो परिस्थिति मुलुकले खेपिरहेको छ, त्यसकारण नागरिकलाई राज्यको बढी आवश्यकता पर्ने देखिन्छ ।

आर्थिक संकटका कारणले उपभोग्य सामग्रीको मूल्य बढेको छ । कतिपय सामग्रीको अभाव देखिने गरेको छ । बजारको विश्वब्यापीकरणले गर्दा नेपालमा उपभोग हुने धेरै सामग्री अरु मुलुकबाट आउनेगर्छ । त्यसैपनि बजारमा माग बढेका बेला अनुचित लाभ उठाउने प्रवृत्ति देखिने गरेको छ । विश्वब्यापी संकट र मुलुकभित्रै पनि आवश्यक उत्पादन नभइरहेका बेला त्यस्तो प्रवृत्तिलाई उपभोक्ता ठग्न बहाना हुन सक्छ । तर नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउने दायित्व सरकारको हो । सरकारले बजारलाई नियमित अनुमगन र कानून हातमा लिनेमाथि कार्बाही गर्ने कदम चाले उपभोक्ता ठगिनबाट जोगिनेछ भने बजारमा कृतिम अभाव रोकिनेछ । तसर्थ हरेक चाँडमा शुभकामना दिने सरकारले नागरिकको मुहारमा खुशी ल्याउन पनि बजारमा आफ्नो उपस्थिति जनाउन आवश्यक छ ।

# मानिसबाट कुकुर बन्न १९ लाख खर्च

संसारमा यस्ता धेरै व्यक्ति छन् जो आफ्नो अनौठो व्यवहारका कारण चर्चामा आउने गर्छन् । यस्तै एउटा अनौठो घटना जापानबाट आएको छ, जहाँ एक व्यक्तिको कुकुर बन्ने शौखले सबैलाई छक्क पारेको छ ।

टोको नामका जापानका यी व्यक्ति अहिले कुकुर बनेका छन् । मानिसबाट कुकुर बनेका टोकोले सामाजिक सञ्जालमा एउटा तस्बिर पनि सेयर गरेका छन् । सामाजिक सञ्जालमा यसको असाध्यै चर्चा भइरहेको छ ।

वास्तवमा, जापानमा बस्ने यी व्यक्तिको बाल्यकालदेखि नै कुकुरको जीवन जिउने सपना थियो । जापानको एक व्यावसायिक एजेन्सी जेपेट वर्कशप कम्पनीले टोकोलाई कुली प्रजातिको कुकुरमा परिणत गरेको छ ।

कुकुर बन्न १९ लाख खर्च

उक्त व्यक्तिलाई कुकुर बन्न यति धेरै मन लाग्यो कि त्यसका लागि उनले १९ लाख रुपैयाँ (लगभग २० लाख जापानी येन) खर्च गरे । यति धेरै पैसा लिएर ती व्यक्तिले यस्तो पोसाक बनाए, जसमा उनी ठ्याक्कै कुकुरजस्तै देखिन्छन् । यो पहिरनमा उनलाई चिन्न गाह्रो हुन्छ ।

पोशाक बनाउन करिब ४० दिन लाग्यो । मानिस र कुकुरमा धेरै भिन्नता हुने भएकाले यो पोशाक बनाउन निकै मिहिनेत गरेको



कम्पनीले जनाएको छ । टोकोले यो पोशाक लगाएपछि आफू कुकुरजस्तै देखिनुपर्ने इच्छा जताएका थिए ।

त्यही कारणले मानिसले कुली प्रजाति रोजे

जापानी सञ्चारमाध्यमको समाचार न्युज डट माइनाभियान्डले ती व्यक्तिलाई कुली प्रजातिकै कुकुर किन रोजेको भन्ने प्रश्न सोधेका थिए । यसको जवाफमा उनले भने, 'कुली मेरो सबैभन्दा मनपर्ने कुकुर हो र सबैभन्दा क्युट छ । मलाई लाग्थ्यो म जत्तिकै ठूलो जनावर राम्रो हुन्छ । लामो कपाल भएका कुकुरहरूले मानव आकृतिहरू लुकाउन सक्छन्, त्यसैले मैले कुली रोजेँ । यसको पोशाक पनि पूर्ण रूपमा ओरिजिनल देखिएको थियो ।'

प्रश्नकर्ताले सोधे, 'के तपाईं आफ्नो हात र खुट्टा राम्ररी चलाउन सक्नुहुन्छ ?' यसको जवाफमा टोकोले भने, 'केही अवरोधहरू छन्, तर हात र खुट्टा चलाउन सकिन्छ । यद्यपि, यदि तपाईंले हात र खुट्टा धेरै हल्लाउनुभयो भने, त्यो कुकुर जस्तो देखिँदैन ।' -एजेन्सी

# पार्टी नेतृत्वमा बढिरहेको जवाफदेहिताको प्रश्न

□ दिपा भण्डारी

राजनीतिक दलका लागि पारदर्शी नीतिले आफ्नो राजनीतिक स्थिति र एजेन्डाको तर्जुमा, सञ्चार र कार्यान्वयनमा खुलापन, इमानदारिता र जवाफदेहिताप्रति आम प्रतिबद्धता जनाउँछ । पार्टीका सदस्यहरू, विज्ञहरू र जनताको सुझाव समावेश गरी आफ्ना नीतिहरू विकास गर्न पार्टीसँग स्पष्ट र समावेशी प्रक्रिया हुनुपर्छ । यो प्रक्रिया दस्तावेजीकरण गरी सदस्यहरूलाई पहुँचयोग्य बनाउनुपर्छ । पार्टीको नीति कागजातहरू, अनेक प्लेटफर्म र विभिन्न मुद्दाहरूमा स्थितिसहित जनताको लागि सजिलै उपलब्ध हुनुपर्छ । यो पार्टीको वेबसाइट, प्रकाशन वा अन्य माध्यमबाट पनि गर्न सकिन्छ । पार्टीले समूहहरूलाई प्रभाव पार्ने नीतिहरू तर्जुमा गर्दा अन्य घटकहरू, हित समूहहरू र वकालत गर्ने संस्थाहरूलगायत सरोकारवालाहरूबाट सक्रिय रूपमा प्रतिक्रिया खोज्नुपर्छ । आफ्नो नीतिगत पहलहरूको लागि स्रोतहरू खुलासा गर्नुपर्छ । विशेष अभियान, निर्वाचन र पार्टी बैठकलगायत अधिवेशनहरु सम्पन्न गर्न स्वार्थ समूहहरूबाट चन्दा लिने कुराले अन्ततः पार्टी कमजोर हुन्छ । अनावश्यक प्रभाव रोक्न पार्टीका सबै तह चनाखो हुन आवश्यक छ । पार्टीका आफ्ना प्रस्तावित नीतिहरूको सम्भावित सामाजिक, आर्थिक र वातावरणीय प्रभावहरूको पूर्वमूल्यांकन गर्ने संयन्त्र गठन गर्नु लाभग्राही हुन्छ । प्रस्तावित नीतिहरूको सम्भाव्यता र सम्भावित परिणामहरूको मूल्यांकन गर्न स्वतन्त्र विशेषज्ञहरू वा थिंकट्यांकहरूलाई संलग्न गराउनाले निष्पक्षताप्रति प्रतिबद्धता देखाउन सकिन्छ । पार्टीले आफ्ना निर्वाचित प्रतिनिधि र पदाधिकारीहरूले पार्टीको नीतिको पालना गरेको सुनिश्चित गर्ने संयन्त्र स्थापना गर्नुपर्छ । यसमा नियमित रिपोर्टिङ, मूल्यांकन वा समीक्षाहरू समावेश हुन सक्छन् । जब महत्त्वपूर्ण नीतिगत निर्णयहरू लिइन्छ, पार्टीहरूले सक्रिय रूपमा परामर्श, सर्वेक्षण वा जनताबाट स्वतन्त्र सुझावहरु खोज्नुपर्छ । पार्टीका सदस्यहरू र निर्वाचित प्रतिनिधिहरूले निर्णयहरू व्यक्तिगत लाभबाट प्रभावित नहुने कुराको सुनिश्चित गर्न पार्टीको विशेष संयन्त्र बनाउनु राम्रो हुन्छ ।

परिवर्तनशील परिस्थितिहरू र विकसित आवश्यकता र आकांक्षाहरू प्रतिविम्बित गर्न नीतिहरू नियमित रूपमा समीक्षा र अद्यावधिक गरिनुपर्छ । पार्टी नीतिहरूमा कुनै पनि परिवर्तन र परिमार्जनको लागि स्पष्टीकरणसहित पार्टी सदस्य र जनतालाई स्पष्ट रूपमा सूचित गरिनुपर्छ । पारदर्शी नीतिले लोकतान्त्रिक सिद्धान्तहरूप्रति प्रतिबद्धता देखाउँछ र मतदाताहरूमा विश्वास निर्माण गर्न सहयोग पुऱ्याउँछ । यसले पार्टीको स्थितिको सार्वजनिक छलफल गर्न आमसमुदायलाई सजिलो हुन्छ । राजनीतिक दलहरू प्रजातान्त्रिक समाजका आधारशीला हुन्, जसले नागरिक प्रतिनिधित्व र राष्ट्रको भविष्यलाई आकार दिने नीतिहरू निर्माण गर्ने साधनका रूपमा काम गर्छन् । तर, समयसँगै राजनीतिक दलहरूमा समर्थन, सान्दर्भिकता र विश्वासमा ह्रास आइरहेको छ । प्रभाव पुनः प्राप्त गर्न, मतदाताहरूसँग जोडिन र लोकतान्त्रिक प्रक्रियामा नयाँ जीवन दिन राजनीतिक दलको पुनर्निर्माण चुनौतीपूर्ण तर आवश्यक प्रयास हो । राजनीतिक दलको पुनर्निर्माणको यात्रा उसको कमजोरी र असफलताको इमानदार मूल्यांकनबाट सुरु हुन्छ । आत्मनिरीक्षणमा विगतको अभियानको लाभहानिको छानबिन गर्ने, आन्तरिक विभाजनको पहिचान गर्ने, नेतृत्वका समस्याहरू पहिचान गर्ने र जनताको विश्वास गुमेको स्वीकार गर्ने पहलबाट हुनसक्छ । यी कमीकमजोरीलाई बुझेर पार्टीले सुधारको पहिलो पाइला अघि बढाउन सक्छ । पुनर्निर्माणको प्रक्रियामा बलियो, दूरदर्शी र नैतिक नेतृत्व अपरिहार्य छ । पार्टीहरूले सदस्यहरूलाई प्रेरित र एकताबद्ध गर्नसक्ने नेताहरू अगाडि सार्नुपर्ने हुन्छ । पार्टीको मूल मूल्य मान्यताप्रति प्रतिबद्ध नेतृत्व जवाफदेही, उत्तरदायी र आवश्यक सुधारहरू कार्यान्वयन गर्न सक्षम हुनुपर्छ । पार्टीको तल्लो तहको संगठन, सामुदायिक पहुँच, र जनतासँग नियमित सञ्चारमा संलग्न हुनुपर्छ । यसमा उनीहरूको सरोकारलाई सम्बोधन गर्ने, सक्रिय रूपमा प्रतिक्रिया खोज्ने र उनीहरूको जीवन सुधार गर्न वास्तविक प्रतिबद्धता प्रदर्शन गर्ने लामो अभियान जोडिएको हुन्छ ।

विश्वास, एक पटक मेटिएपछि पुनःस्थापित गर्नु चुनौतीपूर्ण हुन्छ । राजनीतिक दलहरू सक्रिय रूपमा भ्रष्टाचारविरुद्ध लड्न र आफ्नो वाचा र कार्यहरूको लागि आफूलाई जवाफदेही बनाउन लाग्नुपर्छ । विश्वास निर्माण एक क्रमिक प्रक्रिया हो । जुन दलहरूको स्थिरतामा निर्भर गर्छ । दलहरू आफ्ना गल्तीहरूबाट पाठ सिक्न, विकसित राजनीतिक परिदृश्यमा छाँटकाँट गर्न र पुराना शैलीहरु सुधार गर्न इच्छुक हुनुपर्छ । राजनीतिक दलको पुनर्निर्माण एउटा जटिल, दीर्घकालीन कार्ययोजना हो, जसले समर्पण, आत्म-प्रतिविम्ब र लोकतान्त्रिक मूल्यहरूप्रति सच्चा प्रतिबद्धता माग गर्छ । यसले पार्टीको छविलाई पुनर्जीवित गर्नेमात्र होइन, मतदातासँगको सम्बन्धलाई पुनः जागृत गर्न सहयोग गर्छ । दलहरूको सफल पुनर्निर्माण अभियानले अन्ततः सबै नागरिकहरूको हितको लागि राम्रो प्रतिनिधित्व र शासनको लागि असल नेतृत्व निर्माण गर्छ ।

# युवा र नवपर्वतन

□ अनिल साउद

सन १८८५ मा भएको अन्तरास्ट्रिय युवा सम्मेलनले १५-२४ बर्ष उमेर समुहका मानिसलाइ युवा भनी परिभाषित गरेको छ। WHO ले शारीरिक दृष्टिकोणबाट १५ देखि २९ बर्षको उमेर सम्मको मानिसलाइ युवा भनेर व्याख्या गरेको छ। तर नेपालमा राष्ट्रिय युवा निति २०७२ मा युवा भन्नाले १६ देखि ४० बर्षको उमेर समुहका मानिसहरुलाइ उल्लेख गरेको छ । यस अनुसार २०७८ को जनगणना अनुसार युवाको जनसंख्या एक करोड चौबीस लाख बार हजार अर्थात कुल जनसंख्याको ४२.५६% रहेको छ। यो नेपालको जनगणना इतिहासमा युवाको जनसंख्या उल्लेख रहेको पहिलो पटक हो । यस कारणले पनि नेपालको लागि यो उर्जाशिल मानव स्रोतसाधनको हिसाबले ऐतिहासिक युग हो । उर्जावान तथा सिर्जनशील उमेर समूह बढी हुनु भनेको बिकास तथा परिबर्तनका लागि महत्वपूर्ण अवसर हो । यो अवसर नेपालले गुमाउनुहुदैन । परिबर्तित समय अनुसार बर्तमान तथा भबिस्यलाइ हेर्दा देश बिकास गर्न हरेक कुरामा नवपर्वतन आबस्यक छ। अब यति बिकासका लागि अतिआबस्यक पर्ने के हो त नवपर्वतन भनेर बुझौ ?

नवपर्वतन शब्दले सामान्यतया बिकासका लागि नया बिचारको सफल कार्यान्वयन गर्ने भन्ने बुझिन्छ। यस अर्थमा कुनै पनि प्रक्रियालाई बढी उपलब्धि मुलक बनाउन फरक ढङ्गले सोच्नु र प्रयोग गर्नुलाइ नवपर्वतन भन्न सकिन्छ। नवपर्वतन अबिष्कार सङ्ग पनि सम्बन्धित हुन्छ । तथापी नवपर्वतन र आबिष्कार फरक बिषय हुन । आबिष्कार नया बिचार वा ज्ञानको सृजना गर्नु हो भने नवपर्वतन देश बिकासका लागि नया तथा पुरानो बिचारलाइ बढी उपलब्धि मुलक बनाउन फरक ढङ्गले प्रयोग गर्ने प्रक्रिया हो। एक समय थियो । आफूलाइ चाहिने बस्तु वा प्रबिधिको अविस्कार आफै गर्थे । बास वा निगालोको चोयाबाट डोका डालो,परालबाट गुन्द्री भेडा वा च्याङ्गाको ऊनबाट राडी, पाखी र गलैचा बनाउथे । ढिकी, जाचो र पानी घट्टको प्रयोग गरेर अन्न पिस्ने काम गरिन्थ्यो भने कोलको प्रयोग बाट तेलजन्य पदार्थ र उखु पेलिन्थ्यो। बिस्वबजार बजारमा आएको नवपर्वतन सङ्गै यिनिहरुको परिष्कृत ढाचा बनाउन नसक्दा लोप हुने अबस्थामा पुगेका छन । विश्व बजारमा भएका नया नया अबिस्कारबाट उत्पादित प्रयोगकर्ता मैत्री र छिटोछरितो कार्य गर्न सक्ने त्यस्ता मेसिनको दाजोमा हाम्रा पुर्खाको अविस्कारबाट उत्पादित औजारहरु पुरानै अबस्थामा प्रयोग गर्दा कार्यक्षमता कमजोर देखियो । हाम्रो ढिकी जातोलाइ हामिले नबिकरण गर्न नसक्दा बिदेशी सेलर मिल र ग्रीन्डर मेशिनले बिस्थापित गरिदियो । बिगतमा हाम्रो देशमा कपडा उत्पादन हुन्थ्यो तर आज हाम्रा कपडा उद्योगमा नबिनतम प्रबिधिको प्रयोग नहुदा बिदेशी कपडा सङ्ग प्रतिस्पर्धा गर्न सकेन, किफायती हुन सकेन,उपभोक्ताको मन जित्न सकेन र फलतः लोप हुँदै गयो । आज तागाधारिले लगाउने सास्कृतिक एवम परम्परागत जनै र स्वागत तथा बिदाइ गर्दा प्रयोग गरिने खादा सम्म बिदेशबाट आयात गरिन्छ। बाबियो ,पाट र चोयाबाट बनाइने बलियो र बाताबरणमैत्री डोरि र दाम्लोलाई हानिकारक नाइलनले बिस्थापन गरेको छ । यसरी नवपर्वतन गर्ने प्रयास नगरिदा मौलिक प्रबिधी हराएर जान थालेका छन । नेपालका मौलिक उत्पादनका हक अधिकारको दावी कायम गर्न नसक्दा आफ्नै देशमा उत्पादित सामान खरिद गरे बाफत पनि अरु देशलाइ कर तिर्नु परेको छ।

आफ्नै माटो सुहाउँदो हाम्रा पुर्खाका परम्परागत अविस्कारहरुलाइ नवपर्वतन गरि जल,जमिन ,जङ्गल र जनशक्तिको भरपुर उपयोग गरेर देश बिकास मेट्रो रेलको गतिमा गर्नुपर्छ ।

युवा र नवपर्वतन हरेक ठाउमा चाहिएको छ । युवा कर्मचारिले नवीन सोचले काम गर्यो भने के कति गर्न सकिन्छ भन्ने जल्दोबल्दो उदाहरण हाम्रा बिद्युत प्राधिकरणका प्रमुख कुलमान घिसिङ हुनुहुन्छ। अपजस मात्रै पाइरहेको सरकारी कर्मचारीतन्त्र नवीन सोचले अगाडि बढ्ने हो भने देशमा सुशासन आफै स्थापित हुने थियो । राजनितीमा युवा र नवपर्वतन अति आबस्यक छ । समयले चाहेको पनि यहि हो । देश बिकास गर्न युवा र नवपर्वतनको मिलन हुन जरुरी छ ।

नेपालका हरेक क्षेत्रमा युवाहरुले गरिरहेका नवपर्वतनका झिल्काहरु देखिन थालेका छन । सेवा र बजार उत्पादनका क्षेत्रमा ई सेवाका मालिक बिस्वास ढकाल,खल्ति डटकमका अमृत अग्रवालल त्यस्तै यातायातका क्षेत्रमा टुटलका सिक्षित भट्ट, राजनितिमा बालेन,हर्क साम्पाङ्ग ,रबि लामेछाने ,स्वर्णिम वाग्ले लगायत अन्य युवा नेताहरुले गरिरहेका काम तथा बिचारहरु उदाहरणका रुपमा लिन सकिन्छ। विभिन्न क्षेत्रमा युवाहरुले नवितम ढङ्गले काम गरिरहेका छन । सरकारहरुले नवपर्वतनको लागि नीति तथा कार्यक्रम बनाएर बजेट छुट्याइरहेको छ।नेपालमा युवाहरुको नवपर्वतनलाइ टेवा पुर्याउन विभिन्न तरिकाले सन्चालित सस्थाहरु पनि छन । एक्ला एक्लै ठुला ठुला कामहरुमा नवपर्वतन गरि अविस्कार गर्न असम्भव हुन्छ भनेर महाबिर पुन को नेतृत्वमा नेपालमै अविस्कार केन्द्रको स्थापना गरि सन्चालन भैरहेको छ । यो बच्चा जन्मन चाहिने पाठेघर जस्तै हो । यसमा युवाहरुको सोचलाइ मुर्त रुप दिन सहयोग गरिन्छ । राष्ट्रिय युवा परिषदले पनि युवाहरुको नबितम सोच बिचारलाइ खोजेर मुर्त रुप दिन सहयोग गर्ने गर्दछ।

विभिन्न रुपमा सहयोग भैरहेको भए पनि नेपालमा दिगो र भरपर्दो नवपर्वतनको क्षेत्रमा सस्थागत बिकास भएको पाइदैन । मानव शरीर सन्चालनमा विभिन्न प्रणालिहरुले सङ्गसङ्गै काम गरे जस्तै नवपर्वतनिय प्रणालिलाइ जिवन्त राख्नका लागि नीति,कार्यक्रम तथा कार्यान्वयन सङ्ग जोडिएको सरकारी पक्ष (policy partner) ,ज्ञान अनुसन्धान ,प्रयोग तथा परिमार्जन सङ्ग जोडिएको शैक्षिक सस्था (knowledge partner) परिबर्तन गर्ने काममा निरन्तर बिचार सहित खटिएको युवा पक्ष (implementation partner) को निरन्तर सहकार्य हुनु जरुरी छ । यी मध्ये कुनै एकको पक्षको अनुपस्थितिमा प्रणालिले काम गर्न सक्दैन । यी तिनै पक्ष सङ्गसङ्गै जोडिने दिगो कार्यमुलक सयन्त्रको (sustainable and functional mechanism ) सस्थागत बिकास गरि नवपर्वतन कार्यलाइ जिवन्त राखेर बिदेशिएका युवाहरुलाइ नेपाल फर्किने बाताबरण बनाउनुपर्छ र यसो गर्न सकियो भने देश बिकासमा गति बढाउन सकिन्छ

# तीन सय बढी भुस्याहा कुकुरलाई खोप !

**सिन्धुली**/ रेविज रोग विरुद्धको दिवश मनाउने क्रममा कमलामाई नगर पालिकाले सिन्धुली सदरमुकाममा ३ सय भन्दा बढी भुस्याहा कुकुरलाई रेविज रोग विरुद्धको खोप लगाइएको छ । विश्व रेविज दिवस २०८० को अवसरमा कमलमाई नगरपालिकाले रेविज सप्ताहा अर्न्तगत ३ दिनमा बजार क्षेत्रका सडकमा छाडा छोडिएका ३ सय बढी कुकुरलाई खोप लगाईएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सूर्य दाहालले जानकारी दिए ।

रेविज रोग उन्मुलनको लागि असोज ७ गते बाट १२ गते सम्म निःशुल्क खोप कार्यक्रमलाई नगरपालिकाकाको पशु विकास शाखाले अगाडि बढाइरहेको दाहालले जानकारी दिए । डाक्टर रोसन कोइरालाका अनुसार बजार क्षेत्र, एक र दुई नम्बर बजार, स्टल, जुनार चोक, धुराबजार,



शान्तिनगरचोक, रातमाटा र ढुंग्रे बासमा फेला परेका भुस्याहा कुकुरलाई नियन्त्रणमा लिएर खोप दिइएको हो ।

कोइरालाले कमलमाई नगर पालिकाको बजारी क्षेत्रको ५ सय देखि ७ सय कुकुरलाई रेविज बिरुद्धको निःशुल्क खोप लगाउने लक्ष्य रहेको बताए । उनले कमलामाई नगर पालिकाको १४ वटै वडामा पशु प्राविधिकलाई परिचालन गरिएको छ । नेपाल सरकारले २०३० सम्ममा रेविज रोगलाई देशबाटै उन्मुलन गर्ने लक्ष्य लिएकोले सोहि लक्ष्यलाई अबलम्बन गरेर रेबिज रोगलाई निर्मुल पार्नको निम्ति निशुल्क खोप कार्यक्रम सञ्चालन गरिएको हो ।

# सिन्धुलीमा चाडपर्व लागेपछि बजार अनुगमन

**सिन्धुली**/ चाडपर्व लक्षित गरेर बजार अनुगमन सुरु गरिएको छ । जिल्लास्तरीय संयुक्त बजार अनुगमन टोलीले जिल्लाको मुख्य मुख्य बजार क्षेत्रमा चाडपर्व लक्षित खाद्य तथा किराना पसलहरुको अनुगमन सुरु गरेको हो ।

जिल्ला सदरमुकाम सहित पालिकाहरुको बजार क्षेत्रमा रहेका पसलहरुमा नजिकिँदै गएको दशैं, तिहार लगायत चाडपर्वमा हुन सक्ने मुल्यवृद्धि, उपभोग्य म्याद गुज्रेका खाद्य सामाग्रीहरुको किनबेच, लेवल स्पष्ट नभएका खाद्य सामाग्रीहरुको किनबेच हुन नदिन र खाद्य वस्तुमा कृतिम अभाव सिर्जना हुन नदिन बजार अनुगमन गर्न सुरु गरिएको छ ।

जिल्लास्तरीय संयुक्त बजार अनुगमन टोलीले केही दिनअगाडिबाट मरिण गाउँपालिकाको मुख्य बजारका खाद्य तथा किराना पसलहरुको अनुगमन गरेको छ । मरिण गाउँपालिकाको छाप, धमिले लगायतका ठाउँको बजार अनुगमनका क्रममा विभिन्न पसलहरुमा २९ हजार ८५५ रुपैयाँ बराबरको उपभोग्य म्याद नाघेको सामाग्रीहरु भेटिएकाले जफत गरी नष्ट गरिएको घरेलु तथा साना उद्योग कार्यालय सिन्धुलीका प्रमुख प्रविन श्रेष्ठले जानकारी दिए ।

हाम्रो नियमित हुने बजार अनुगमन जिल्लाका विभिन्न ठाउँमा निरन्तर भईरहेका छन् । अहिले चाडपर्वहरु पनि नजिकिँदै गएका छन् । यस्तो



बेला बजारमा हुने धेरै थरीका विकृतीहरुलाई कम गर्न बजार अनुगमनलाई तिव्रता दिएका छौं, उनले भने ।

त्यसैगरी सिन्धुलीको धुराबजारमा अनुगमन गर्नेक्रममा राकेश शाहले संचालन गरेको राम जानकी खाद्यान्न पसलमा लेबल नभएको र खरिद विल समेत नभएको सामान भेटिएकाले उक्त पसललाई १५ हजार रुपैयाँ जरिवना गरिएको थाहा लागेको छ ।

गएको शुक्रवार फिक्कल गाउँपालिकाको मुख्य बजारका खाद्य तथा किराना पसलहरुको अनुगमन गरिएको प्रमुख उनले बताए । गुनासो आएको बजारहरुमा पहिलो प्राथमिकता दिएर बजार अनुगमन गरिने र दशैं अघि सम्म जिल्लाका सबै पालिकाको मुख्य बजारहरुमा अनुगमन गरिने उनको भनाई छ । अनुगमनका क्रममा अनिवार्य रुपमा मुल्यसूची सबैले देख्ने गरी राख्न, व्यवसाय दर्ता गरी मात्र संचालन गर्न, अनिवार्य रुपमा खरिद विल लिन तथा विक्री विल जारी गर्न, म्याद नाघेका सामान नबेच्न निर्देशन दिइएको छ । त्यस्तै फर्मको उद्देश्य भन्दा बाहेक सामानहरु राखी विक्री वितरण नगर्न, थोक विक्रेतालाई म्याद नाघेका सामानहरु राख्न छुट्टै कोठाको व्यवस्था गर्न समेत निर्देशन दिएको जानकारी दिए ।

बागमती प्रदेश, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, जिल्ला प्रशासनका कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, खाद्य तथा गुण नियन्त्रण डिभिजन कार्यालय, मरिण गाउँपालिका, उद्योग वाणिज्य संघका प्रतिनिधि, सुरक्षा निकाय, संचारकर्मी लगायत अन्य सरोकार वाला निकायहरुको सहभागितामा बजार अनुगमन भइरहेको छ ।


## सार्वजनिक हितको लागि जारी सुचना

- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्य, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

**फिक्कल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिन्धुली, बागमती प्रदेश**

## कृषि सामाग्री कम्पनी लिमिटेड सिन्धुलीको सूचना

देशैभरी रसायनिक मलको विक्री वितरणमा कृषि सामग्री कम्पनी सिन्धुलीले बिक्रेता सहकारीहरु मार्फत गर्ने गरिरहेको छ । कम्पनीको संचालक समितिले अनुमोदन गरेको विक्रेता नियमावली अन्तर्गत कृषि सामग्री कम्पनीले विक्रेताहरुलाई नियुक्ति गर्ने गर्दछ । जिल्लाका सहकारी संघ/संस्थाहरुले मल विक्रेताका रुपमा काम गर्दै आएका छन् । जिल्लास्तरमा मल आपूर्ति तथा वितरण व्यवस्था मिलाउन सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मल आपूर्ति तथा वितरण व्यवस्थापन समिति गठन गरिएको छ । जिल्लामा रहेको उक्त समितिले स्वतन्त्र तथा निष्पक्षरुपमा नियमित मल आपूर्ति तथा वितरण कार्यको अनुगमन गर्दै आएको छ । मल वितरण सम्बन्धी कुनै गुनासो वा सुझाव भएमा कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**कृषि सामाग्री कम्पनी लिमिटेड**
**सिन्धुली**

## सिन्धुलीमा होलसेल तथा खुद्रा मुल्यमा ताजा तरकारी पाइन्छ ।

बिवाह होस् वा पार्टी, पिकनिक होस् वा पुजाका लागि कतै जानैं पर्दैन। सिन्धुली जिल्लाकै उत्पादन हामी तपाईको घरमै ल्याइदिन्छौं।



- विषादी प्रयोग नगरिएका सागसब्जी
- आलु, लसुन, प्याज, खुर्सानी, हरियो धनियां, टमाटर
- मोटरकोसा, बन्दा, काउली, ब्रोकाउली,कागती, दालहरू



**राकेश तरकारी पसल, तरकारी बजार, सिन्धुली,फोन: ९८४४०९१९७७**

# संसार तिवारीको कथा : छिरिङको साइकल

"ह्या अंकल, आउनु न भन्या ! ", छिरिङ्ले दोस्रोपटक बोलायो । मलाई उसको कुरा टार्न निकै गाह्रो भइरहेको थियो । पसलका साहुजी मतर्फ नै हेर्दै थिए । हत्तपत्त चियाको पैसा तिरेर उसको पछि लागेँ।
छिरिङ्को उमेर ८ वर्ष हो । म छब्बीस । मलाई उसले अंकलभन्दा पनि दाइ भनेर बोलाए हुन्थ्यो जस्तो लाग्छ। तर पनि उसले मायै गरेर भनेको भएर खासै दुःखमनाऊ गर्दिनँ।
छिरिङ् घरभित्र छिर्छ । म उसलाई बाहिर पर्खन्छु। घरको एक्लो छोरो भएर होला, छिरिङ्ले सबैको माया पाएको छ। अस्तिको हप्ता मात्रै उसकी आमाले उसलाई जन्मदिनमा एउटा साइकल किनिदिइन्। ऊ त्यही लिन त भित्र गएको हो।
छिरिङ्लाई साइकल चलाउन आउँदैन। त्यसैले मलाई सिकाइदिन भन्छ। उसका साथीहरू निमा र दोर्जेलाई भने साइकल चलाउन आउँछ, तर छिरिङ् उनीहरूलाई गुहार्नेवाला छैन।
तिनीहरू छिरिङ्लाई सधैं चिढ्याइरहन्छन्। अस्ति फुटबल खेल्दा पनि उनीहरू छिरिङ्लाई जानीजानी लडाएर कुट्न खोज्दै थिए, धन्न म नजिकै थिएँ र उसलाई जोगाए। पछि आँसु पुछ्दै ऊ भन्दै थियो, "पख न, मेरो बाबा आएपछि तिमेरूको बारे सब भन्दिन्छु।"
बिचरा छिरिङ् ! उसले आफू जन्मे देखि नदेखेको उसको बाबा आउन अझै कति वर्ष लाग्ने हो !
छिरिङ्लाई उसका हजुरबा/ हजुर आमाले हुर्काएका हुन् । उसकी आमा र दिदीले पनि उसलाई आफूभन्दा बढी माया गर्छन्। तर पनि किन हो ऊ, मसँगै बढी हौसिन्छ।
म यो ठाउँमा आएको पनि कति नै पो भयो र ? कहिलेकाही त लाग्छ, कतै उसले मलाई आफ्नो बाबुको स्थान त दिइरहेको छैन ? छिरिङ् मलाई निकै माया गर्छ । उसो त म पनि उसलाई कम्ति माया गर्दिनँ।
"अंकल, जाम न!", छिरिङ् छेउमै बसी मलाई बोलाइरहेको रहेछ । म भने फेरि टोलाउन पुगेछु।
आठ-दश महिना जति नै भयो, यस्तो हुन थालेको । धन्न वरिपरि कोही थिएनन्, र देखेनन्। नत्र लाजै मर्दो हुन्थ्यो।
छिरिङ्को साइकल मेरा लागि सानै हो। तर उसका लागि भने त्यही पनि ठुलो। म ह्यान्डल समात्छु। छिरिङ् आफैं पछाडिको सिटमा चढ्छ। माथिबाट छिरिङ्की हजुर आमा हामीलाई नियालिरहेकी र हिछन्। म उनीलाई हेरी फिस्स हाँसे जस्तो गर्छु, अनि बिस्तारै साइकल अघि बढाउछु। छिरिङ् मलाई कस्सेर समात्छ, अनि पछाडिबाट जोडजोड्ले चिच्याउन थाल्छ, "बाटो छोड्, बाटो छोड्, आ होई । ४/५ दिन भयो.. यसरी छिरिङ् र म दिनहु साइकलमा घुम्न थालेको। ऊ आफू साइकल चलाउन सिक्नुभन्दा पनि मेरो पछाडि बस्न नै मज्जा मान्छ। मलाई पनि यो गर्मीको मौसममा साइकल चढी साझपख सल्लेरी वनको बाटो हावा खान जाँदा आफ्नै बाल्यकालमा पुगेसरह भान हुन्छ । यत्तिकै होइन होला, मेरा बाले मलाई, "त सधैंभरि बच्चै हुने भइस्" भनेका ।
हुन पनि मलाई मेरा उमेरका मानिसभन्दा साना भुराहरू नै प्रिय लाग्छन्। मेरा आफ्ना उमेरका साथीहरू पनि त्यति छैनन्। साच्चै, किन होला है ? शायद बच्चाहरू बनावटी नहुने भएर हो कि ? .. मलाई बच्चाहरूको हाँसो निश्चल लाग्छ ।
प्रकृतिको वरदानझैँ लाग्छ, बच्चाको हाँसो !
"अंकल !" छिरिङ् एक्कासी चिच्याउँछ । म फेरि टोलाएछु । अगाडि हेर्छु, भीषण मोड अनि मोडसँगै गहिरो ओरालो ! हत्तपत्त ब्रेक लगाउन खोज्छु, सक्दिनँ। साइकल वेगले हुत्तिन्छ र अलि पर एउटा रूखमा गई ठोक्किन्छ। हामी दुवैजना छेउमा पछारिन्छौं । म हतासिदै छिरिङ्लाई हेर्छु । धन्न केही भएको रहेनछ । साइकल पनि जोगिएछ। छिरिङ् मलाई हेर्दै हाँस्न थाल्छ । म पनि उसलाई हेर्दै हाँसिर हन्छु । बिस्तारै उठ्छु, अनि कपडा टक्टकाउछु । छिरिङ्लाई पनि धुलो लागेको रहेछ, झारिदिन्छु। यसो हेर्छु, अगाडि दुइटी केटीहरू यही बाटो हुँदै आउँदै रहेछन्। हत्तपत्त छिरिङ् लाई राखेर साइकल कुदाउनै के लागेको थिए.. कानैमा आवाज आइहाल्यो, "हामी पनि बस्न मिल्छ होला कि !"
हेर्छु, छिरिङ्कै दिदी रहिछे।
नक्कली ! खुब जिस्काउछे मलाई ! साथी पाउदा मात्र यस्ती हो, नत्र एक्लै पर्दा आँखा जुधाउन पनि डराउछे। कस्ताकी छे मोरी !
म चुपचाप साइकल अघि बढाउँछु। पछाडि उनीहरूको हाँसो गुन्जन्छ। साइकलको पांग्राको चालसँगै मेरो मुस्कान पनि बिस्तारै खुल्न थाल्छ। एक्कासि वनैभरि हावा चलेझैँ लाग्छ, मुटुमै स्पर्श गर्नेगरी ।
मनमनै सोच्छु, "छिरिङ् नभाको भए त उसैलाई पछाडि राख्थें!"
फेरि सोच्छु, " छिरिङ् नहुँदो हो त यो साइकल पनि त हुने थिएन !"
अन्तिममा मनैले ढाडस दिन्छ," साइकल नै पनि किन चाहियो र, मनैमा राखुला नि !"
म फिस्स हाँस्न थाल्छु। फेरि सोच्छु, "थुक्क, यही डाइलग अघि नै दिन पाको भए..!" फेरि आफैँसँग मुर्मुरिन्छु। म आफैँ त्यसै मक्ख पर्छु ।
छिरिङ् फेरि कराउछ,
"अंकल"..!!!"

## सातको कविता

### बा यस्तै हुन्छन्


गणेश खड्का

खाली पेट पटुका बाँधेर
काँधमा हलो-जुवा बोकेर
खेत गएका बा
फर्किंदा भकारीभरि धान लिएर आउँछन्
रित्तो ढाकर
खकन-तोक्मा
र, रुक्साइट झोला भिरेर
परदेश गएका बा,
फर्किंदा झोलाभरि नुन लिएर आउँछन्

बा, उकालोमा लौरो हुन्
थकानमा चौतारो हुन्
साहुको ऋण थाप्लोमा बोकेर
अनुहारमा मुस्कान छर्ने
बा, शिरको टोपी हुन्
बा, घरको धुरी हुन्

सन्तानका लागि बा
यस्ता अदम्य शक्ति हुन्
जो, दुःखको पहाड खस्दा
समस्याको भित्तोसँग सिङ्गौरी खेलेर
अभावको खाडल पुर्छन्
परिस्थितिका वज्रहरू वर्षिरहुन्
तर बा
हिम्मत हार्दैनन्
प्रतित्युत्तरमा छाती थाप्छन् बरु
र, सन्तानको रक्षा गर्छन्

बा भनेका यस्ता कर्तव्यनिष्ठ हुन्छन्
जो, जुवा हारेको रनाहामा पनि
फर्किंदा आफ्ना लालाबालाका लागि
एक पुरिया बिस्कुट च्याप्न भुल्दैनन्
बा, लेखान्तले
अर्की स्वास्नी ल्याउन पुगे पनि
छोराछोरीलाई कहिल्यै भेदभाव गर्दैनन्
बा भनेका यस्ता त्यागी हुन्छन् कि
जो, आफ्ना सन्तान बदमासै निक्ले पनि
उसको लागि
जेल-नेल भोग्न, तारिख खेप्न
आफैं सहर्ष तयार हुन्छन्

गाएर सकिन्न
बा,को महिमा गान
गरेर सकिन्न
बा,को सेवा मान
बा,ब्रह्माण्ड हुन् अटल
बा,आकाश हुन् विशाल
प्रकृतिको सर्वोत्तम श्रष्टा बा
संस्कृतिको अत्युत्तम द्रष्टा बा
बा,को रिस उपदेश हो
बा,को आक्रोश ज्ञान हो
जिवनको सर्वोच्च शिखर हुन् बा
जगतको उत्कृष्ट धरोहर हुन् बा ।

## मुक्तक


विजय रानाभाट
तनहुँ

सुस्ता-सुस्तै हुँदैछ काम अचम्म मान्नु पर्दैन
लाउँछन् भ्रष्टले लगाम अच्चम मान्नु पर्दैन
चुनाव जितेर जब संसद्को फुली लगाउँछ
गर्छन् सरकारको बदनाम अचम्म मान्नु पर्दैन


पिउने पानी प्रयोगमा सचेतता अपनाऔं

वर्षातको समयमा तपाई हामीले प्रयोग गरेको खानेपानीको धारामा धमिलो पानी पनि आउन सक्छ । धमिलो पानी आएमा पानीलाई फिल्टर गरेर वा थिग्राएर, तताएर वा कुनै पनि बिधिबाट शुद्धिकरण गरेरमात्र प्रयोग गरौं । मानव शरिरमा लाग्ने धेरैजसो रोग दुषित पानीको कारणले लाग्ने भएकाले आफुले प्रयोग गर्ने पानी शुद्धिकरणमा ध्यान दिउँ ।


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन नं. ४ रामेछाप
बाग्मती प्रदेश, फिल्ड कार्यालय सिन्धुली

चाउचाउ, बिस्कुट, चक्लेट, साबुन र किराना आइटमको थोक तथा खुद्रा बिक्रेता



चन्दन एण्ड नेहा जेनरल स्टोर्स बाल्मिकिनगर ४ जनकपुरधाम, नेपाल
सम्पर्क फोन: ९८४४०२९००२, ९८१६८९१२१६, ९८०१६२९३२९

फर्निचर, घरायसी सामान र आर्कणक पर्दाहरूका लागि सँधै सम्झनुहोस ।



कार्की फर्निचर्स एण्ड सप्लायर्स, सिन्धुली
पानीट्यांकी, सिन्धुली फोन: ९८५४०४०५३३

# विकासका अबसरलाई जितमा बदल्दै चीन



**एजेन्सी**/ हालसालैका धेरै ठूलो विश्वव्यापी परिवर्तनहरूको सामना गर्दै, चीनले मानवजातिको साझा भविष्यको समुदाय निर्माण गर्न, आर्थिक भूमण्डलीकरणलाई कायम राख्ने, बेल्ट एण्ड रोड इनिसिएटिभ लाई अगाडि बढाउने र यसको सुधार र खुलापनलाई अझ गहिरो बनाउँदै आएको छ। यसले खुलापन, राष्ट्रिय विकास र अन्तर्राष्ट्रिय सम्बन्धमा छुट्टै दृष्टिकोण विकास गरेको छ ।

खुलापन र स्वतन्त्र व्यापार विश्वव्यापी आर्थिक बृद्धिको मुख्य चालक हुन्, जबकि विशिष्टता र संरक्षणवाद विश्वव्यापी आर्थिक उथलपुथल र मन्दीका आधारभूत कारणहरू हुन् । चीनले आफ्नो विकासलाई बाँकी विश्वसँग थप एकीकरण गर्न खुलापनको पालना गर्दै आएको छ ।

चीनले आफ्नो खुलापन विस्तार गर्न जारी राख्नेछ । विदेशी लगानी बजार पहुँचको लागि २०१९ नकारात्मक सूचीहरू जुन ३० मा जारी गरिएको थियो। नयाँ नकारात्मक सूचीहरू, एउटा पायलट स्वतन्त्र व्यापार क्षेत्रका लागि र अर्को देशको बाँकी भागका लागि, तिनीहरूको पूर्ववर्तीहरूको तुलनामा कम प्रतिबन्धहरू छन् । यस वर्ष एफटीजेडहरूको लागि नकारात्मक सूचीले विदेशी लगानी कर्ताहरूको पहुँच प्रतिबन्धलाई ४५ क्षेत्रबाट ३७ मा घटाएको छ, जबकि अन्य सामान्य नकारात्मक सूचीले पहुँच प्रतिबन्धहरूलाई ४८ बाट ४० मा घटाएको छ । कृषि, खानी, उत्पादन र सेवाहरूमा बढी खुलापनमा ध्यान केन्द्रित गरिनेछ। छ वटा नयाँ पाइलट मुक्त व्यापार क्षेत्रहरू स्थापना गरिनेछ र सांघाई पाइलट मुक्त व्यापार क्षेत्रको नयाँ खण्ड खोलिनेछ । हाइनान प्रान्तले स्वतन्त्र व्यापार बन्दरगाह निर्माणको अन्वेषणलाई पनि गति दिनेछ ।

चीनको खुलापनको केन्द्रबिन्दु अब वस्तुबाट सेवामा सरेको छ । विश्वव्यापी सेवा व्यापारको द्रुत विकासलाई अनुकूल बनाउन चीनले वित्तीय क्षेत्र लगायत घरेलु सेवा उद्योग खोल्ने कामलाई तीव्रता दिन विभिन्न उपायहरू ल्याएको छ । र देशले सेवा उद्योगहरूमा विदेशी पहुँच बढाउने र सान्दर्भिक प्रणालीहरूको समायोजन र सुधार लाई बढावा दिनेछ ।

आर्थिक भूमण्डलीकरण सबै देशको विकासको प्रमुख शक्ति हो । यो अगाडि बढ्दै जाँदा चीनले आफ्नो आर्थिक रूपान्तरण र सुधार को फल विश्वलाई बाँड्नेछ । जनवरी १, २०२० मा लागू हुने वैदेशिक लगानी ऐनमा विदेशी लगानी भएका उद्यमहरूलाई समान व्यवहार र सरकारी खरिदमा सहभागी हुन पाउने व्यवस्था गरिएको छ । यसले चीनले थप स्थिर, निष्पक्ष, पारदर्शी र अनुमानित लगानीको वातावरण सिर्जना गर्ने प्रयास गर्नेछ भन्ने ग्यारेन्टी पनि दिन्छ ।

बजार उन्मुख सुधारलाई गहिरो पार्दै, स्वच्छ विश्वव्यापी स्रोत बाँडफाँडमा जोड दिँदै र खुलापन, समावेशीता र साझेदारीमा केन्द्रित विकासलाई पछ्याउँदै चीनले प्रमुख शक्तिका रूपमा आफ्नो जिम्मेवारी वहन गर्दै आएको छ र यसले स्थिर विश्व आर्थिक वृद्धिमा ठूलो योगदान दिएको छ। यसले अन्य मुलुकसँगको एकीकृत विकासमा पनि ध्यान दिएको छ। खुला अर्थतन्त्रको रूपमा चीनको विकास घरेलु र अन्तर्राष्ट्रिय बजार को गहिरो एकीकरणमा आधारित छ। वार्षिक औसत विनिमय दरको आधारमा चीनमा उपभोक्ता वस्तुहरूको कुल खुद्रा बिक्री ७६ ट्रिलियन पुगेको छ र प्रति व्यक्ति उपभोक्ता खर्च ४३,००० पुगेको छ । चीनको विदेशी लगानीको मूल्य र यसको संचित बाह्य लगानी दुवै विश्वमा दोस्रो स्थानमा थियो। अन्य विकासशील देशहरूको बढ्दो संख्याले आफ्नो विकासलाई बढावा दिन चीनको लगानीलाई ठूलो महत्त्व दिएको छ ।

चीनले साझेदारी र समावेशीतामा आधारित विकासको वकालत गर्छ र उसले प्रचार गरेको कुराको अभ्यास गरिरहेको छ। बेल्ट एण्ड रोड इनिसिएटिभ मार्फत चीनले परामर्श र सहकार्यको माध्यमबाट साझा लाभहरू हासिल गर्ने, पूर्वाधार निर्माण र अन्तरसम्बन्ध हासिल गर्ने र क्षमता सहयोगमा ध्यान केन्द्रित गर्दै विश्वलाई मूर्त लाभहरू उपलब्ध गराउने कुरामा ध्यान केन्द्रित गरेको छ । सन् २०१३ देखि २०१८ सम्म चीन र बेल्ट एण्ड रोड इनिसिएटिभमा सहभागी भएका अर्थतन्त्रहरूबीचको कुल आयात र निर्यातको मूल्य ६ ट्रिलियन डलर नाघेको छ । चिनियाँ उद्यमहरूले प्रत्यक्ष रूपमा सहभागी देशहरूमा ९० बिलियन भन्दा बढी लगानी गरेका छन्, ती देशहरूमा आफ्ना अनुबंधित परियोजनाहरूको कारोबार ४ सय बिलियन भन्दा बढी छ । सेप्टेम्बर २०१८ सम्म, पहलले१ सय ५ देश र २९ अन्तर्राष्ट्रिय संस्थाहरूको समर्थन प्राप्त गरेको थियो ।

चीनले दिगो र हरित विकासको पक्षमा रहेको छ । जलवायु परिवर्तनको साझा चुनौतीको सामना गर्दै चीनले दिगो हरित विकासलाई पछ्याउँदै आएको छ। पछिल्ला केही वर्षहरूमा, यसले आफ्नो वातावरणीय संरक्षण कानून प्रवर्तनलाई बलियो बनाएको छ र केही क्षेत्रहरूमा बिग्रिएको पारिस्थितिक वातावरणलाई उल्लेखनीय रूपमा पुनर्स्थापित गरेको छ । बेल्ट एन्ड रोड इनिसिएटिभको सन्दर्भमा, देशले हरित पूर्वाधार निर्माण, लगानी र वित्त प्रवर्द्धन गरिरहेको छ ।

अभूतपूर्व विश्वव्यापी परिवर्तनको बीचमा, चीनले मानवजातिको साझा भविष्य भएको समुदायको निर्माणलाई प्रवर्द्धन गर्न वकालत गरेको छ र प्रयास गरिरहेको छ । एकपक्षीयता र व्यापार संरक्षणवादका चुनौतिहरूको सामना गर्दै यसले द्वन्द्वबाट बच्न साझा विकास, साझा जिम्मेवारी, जित-जित सहयोग, समावेशीता र विभिन्न सभ्यताहरूबीच आपसी समझदारीलाई जोड दिएको छ । सद्भावमा सांस्कृतिक जोड दिएर चीनले खुला, समावेशी र सन्तुलित भूमण्डलीकरण खोजेको छ । चीनले विश्वव्यापी स्वतन्त्र व्यापार र बहुपक्षीयताको वकालत गदै विश्वव्यापी आर्थिक विकासमा योगदान दिएको छ ।


यसले निष्पक्षतामा आधारित संयुक्त विश्वव्यापी शासनमा समान सहभागिताको वकालत गरेको छ । चीनले नयाँ विश्वव्यापी शासन संरचनाको विकासलाई समर्थन गर्दछ र दिगो शान्ति र साझा समृद्धिको लागि प्रतिबद्ध छ, अलगाववाद, प्रभुत्व र अन्य देशको मामिलामा हस्तक्षेपको कडा विरोध गर्दछ । यसले अन्य प्रमुख देशहरूसँग विन-विन सहयोग पछ्याएको छ। चीन-अमेरिका सम्बन्धले विश्वव्यापी परिदृश्यमा ठूलो प्रभाव पार्न सक्ने भएकाले चीनले सुधार र खुलापनलाई अझ गहिरो बनाउने, सहयोगको प्रवर्द्धन गर्ने, व्यापार विवादलाई उचित रूपमा सम्बोधन गर्ने, संयुक्त राज्य अमेरिकासँगको विश्वव्यापी शासनमा आफ्नो जिम्मेवारी पूरा गर्ने र विश्वव्यापी अर्थतन्त्रमा योगदान गर्ने छ ।

ओसाकामा भएको जि २० शिखर सम्मेलनमा राष्ट्राध्यक्ष सी चिनफिङले आफ्नो भाषणमा भनेझैं मानव समाजको इतिहास एक्लोपन र बहिष्कारबाट खुलापन र एकीकरणमा परिवर्तन भएको छ । यो एक रोक्न नसकिने प्रवृत्ति हो, र हामीले विकासका अवसरहरूलाई अँगाल्न र नजिकको सहयोग मार्फत जीत-जित परिणामहरू खोज्न थप खोल्नै पर्छ ।

(लेखक चाइना इन्स्टिच्युट फर रिफर्म एण्ड डेभलपमेन्टका अध्यक्ष हुन् ।)


## सार्वजनिक हितको लागि जारी सुचना


नेपाल सरकारको राष्ट्रिय रहको छन् । गौरवको आयोजना सुनकोशी मरिण डाईभर्सन बहुउद्देश्यीय आयोजनालाई छिटो सम्पन्न गर्न सबै पक्षले सहयोग गरौं । सुनकोशी मरिण डाईभर्सन बहुउद्देश्यीय आयोजनाको टनेल (सुरुङ्ग) लगायत विभिन्न पुर्वाधार विकास/ निर्माणका लागि आवश्यक पर्ने सहयोग गर्नु सबै नागरिकको कर्तव्य हो ।



सुनकोशी मरिण डाईभर्सन बहुउद्देश्यीय आयोजना
सिन्धुली

## सिन्धुलीका कृषकहरुका लागि खुशीको खबर

यहां गुणस्तरिय पशुपंक्षीको औषधी, कृषि विषादी, कृषि औजार, सिजन अनुसारको तरकारी बिउ बिजनहरूको होलसेल तथा खुद्रा मुल्यमा पाउनुका साथै प्राविधिक सल्लाह पनि दिइन्छ ।





सिन्धुली भेट फर्मा





कमलामाई ६ स्टलवजार, सिन्धुली फोन: ०४७-५२०२१२ मोबाइल: ९८४४०४१०१५

# ‘परदेशी-२’ सबैले हेर्न पाउने



आउँदो २६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म ‘परदेशी-२’ सेन्सर पास भएको छ । फिल्मलाई चलचित्र सेन्सर बोर्डले ‘पीजी’ प्रमाण पत्र दिँदै सेन्सर पास गरेको हो । फिल्म १६ वर्ष मुनीका बालबालिकाले अभिभावकको साथमा हेर्न मिल्ने छ। फिल्मको प्रशंसा गर्दै सेन्सर बोर्डले सबैका लागि प्रदर्शन अनुमति दिएको निर्माता राजेश वंशलले बताए । ‘सेन्सर बोर्डका पदाधिकारीले चलचित्र हेरेपछि खुलेर प्रशंसा गर्दै बिना काटछाट सेन्सर पास गरे’, बैशलले थपे, ‘देशको जल्दोबल्दो कथा रहेछ। प्रत्येक घर-घरको कथा रहेछ भन्दै तारिफ गर्नुभयो ।’ नारायण राय माझीले निर्देशन गरेको फिल्मको सेन्सरमा निर्माता वंशलसहित अभिनेत्री वर्षा शिवाकोटीसमेत सहभागी थिइन् । सेन्सरका क्रममा पाएको प्रतिक्रियाले थप उत्साहित बनाएको निर्माता वंशलको धारणा छ ।

फिल्ममा प्रकाश सपूत, केकी अधिकारी, वर्षा सिवाकोटी, प्रशान्त तामाङ, दीलीप रायमाझी, नीर शाह, रमा थपलिया, देवेन्द्र बब्लु, सुशील पोखरेल, सबिन बास्तोला, रोशनी कार्की लगायतको अभिनय छ ।

गायनमा स्थापित प्रकाशको यो अभिनयमा डेब्यु फिल्म हो । गायन झैं फिल्म अभिनयबाट पनि आफूले राम्रो चर्चा पाउने विश्वास प्रकाशले लिएका छन् ।

# सिभिल मल पुगेर बाबुराम र हिसिलाले हेरे ‘नाङ्गो गाउँ’



पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई र पूर्व मन्त्री हिसिला यमीले फिल्म ‘नाङ्गो गाउँ’ हेरेका छन् । मंगलबार उनीहरुले काठमाडौँको सिभिल मलमा फिल्म हेरेका हुन् । फिल्म हेरेपछि डा. भट्टराईले फिल्मको कथावस्तु उत्कृष्ट भएको प्रतिक्रिया दिए । ‘फिल्मको अन्तिममा मुख्य पात्रले गाउँ छाडेको कुरा मलाई थोरै चित्त बुझेन । अरु, कुरामा त फिल्ममा आलोचना गर्नुपर्ने ठाउँ छैन’ भट्टराईले थपे । भट्टराईले फिल्मका मुख्य पात्रले राजनीतिमा हार खाएपछि गाउँ छाडेपनि आफूले भने नछाड्ने बताए । उनले थपे, ‘मलाई गोरखा छाडेर छोरीलाई काठमाडौँमा उठायो भनेर पनि आरोप लगाइयो । तर, छोरी मानुषीलाई स्वतन्त्र यूवाहरुले काठमाडौँमा उठाएका हुन् । म गाउँ छाडेर हिँड्नु हुँदैन भन्ने पक्षमा छु ।’ भट्टराईले फिल्मका मुख्य पात्रले राजनीतिमा हार खाएपछि गाउँ छाडेपनि आफूले भने नछाड्ने बताए । उनले थपे, ‘मलाई गोरखा छाडेर छोरीलाई काठमाडौँमा उठायो भनेर पनि आरोप लगाइयो । तर, छोरी मानुषीलाई स्वतन्त्र यूवाहरुले काठमाडौँमा उठाएका हुन् । म गाउँ छाडेर हिँड्नु हुँदैन भन्ने पक्षमा छु ।’

# सलिनमानले खोले वसन्तपुरमा कोरियन रेस्टुरेन्ट



पछिल्लो समय कलाकार रेस्टुरेन्ट व्यवसायमा धमाधम देखिन थालेका छन् । यस्तैमा अभिनेता सलिनमान बनियाँले पनि रेस्टुरेन्ट व्यवसाय थालेका छन् ।

सलिनमानले साथीहरुसँग मिलेर काठमाडौँको पर्यटकीय क्षेत्र वसन्तपुरमा कोरियन रेस्टुरेन्ट ‘कोरियन किनी’ खोलेका हुन् । जसको जानकारी उनले सामाजिक संजाल मार्फत दिएका छन् । ‘चिया अड्डा’ रहेको भवनको माथिल्लो तल्लामा सलिनको रेस्टुरेन्ट छ । मंगलबारदेखि सञ्चालनमा आएको रेस्टुरेन्टमा कोरियन खानाका परिकारहरु पाइनेछ ।

सलिनमान आफैँमा ‘कोरियन खाना’ को पारखी हुन् । ‘ए मेरो हजुर २’ बाट फिल्म अभिनयमा देखिएका सलिनमानले दोस्रो फिल्मको रुपमा ‘यात्रा’ अभिनय गरे । यात्रापछि कुनै पनि फिल्म अभिनय नगरेका उनलाई लिएर फिल्म बनाउन धेरै मेकर तयार छन् । तर उनी भने अभिनयबाट बाहिर रहँदै आएका छन् ।














हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ । साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ ।








सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पबन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकारः केशवप्रसाद गौतम ई-मेलः news.pradesh@gmail.com, बेभः www.epradeshkhabar.com मुद्रणः लालिगुरांस अफसेट प्रेस, सिन्धुली